annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १९२ पृष्ठ ८ | काठमाडौं, आइतबार २ मंसिर २०८१ | मर्ग कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४५ | SUNDAY, NOVEMBER 17, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# बीपी राजमार्गको बेहाल

## उराठलाग्दो सडक, खिन्नलाग्दो यात्रा



चिल्लो अनि, नागबेली सडक। कलकल बग्ने सुनकोशी अनि रोशीको शान्त सुसाहट। बीपी राजमार्गमा हुइँकिनुको मजा बेग्लै। तर, त्यही बीपी राजमार्ग खण्डहर जस्तै छ। कतै सडकको नामोनिसान छैन, कतै धुलोको मुस्लो। विगतमा भरिभराउ हुने राजमार्गका बजार पुरिएका छन्। स्थानीयका मन खिन्न छन्, यात्रुका दुःख पीडा उस्तै छन्। असोज १०, ११, र १२ गतेको पानीले रोशी खोलामा भीषण बाढी आयो। क्षणभरमै बीपी राजमार्ग क्षतविक्षत भयो। राजमार्गको १२ किलोमिटर त पूरै बगाएको छ। ७ अर्बको क्षति भएको सरकारी तथ्यांक छ।

समाचार पृष्ठ २

राजकरण महतो | काठमाडौं
- को रिपोर्ट

रोशीको बाढीले क्षतविक्षत बीपी राजमार्गको काभ्रेस्थित चौकीडाँडा खण्ड। ● राजकरण महतो

## ‘कूटनीतिक माध्यमबाट’ युद्ध अन्त्य गर्न चाहेको जेलेन्स्कीको भनाइ



**अन्नपूर्ण** (काठमाडौं) : युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आगामी वर्ष ‘कूटनीतिक माध्यमबाट’ रूससँगको युद्ध अन्त्य गर्न चाहेको बताएका छन्।

उनले अर्को वर्ष डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकामा राष्ट्रपति पदको कार्यभार सम्हाल्ने बित्तिकै यो द्वन्द्व पहिलेभन्दा छिट्टै अन्त्य हुने बताएका हुन्।

युक्रेनी रेडियोसँगको अन्तर्वार्तामा जेलेन्स्कीले भने, ‘यो युद्ध अर्को वर्ष अन्त्य होस् भनेर हामीले सक्दो प्रयास गर्नुपर्छ। हामीले कूटनीतिक माध्यमबाट यसलाई अन्त्य गर्नुपर्छ। यो धेरै महत्तपूर्ण छ।’

रूस र युक्रेनबीच कुनै अर्थपूर्ण वार्ता भएको छैन, तर ट्रम्पको राष्ट्रपति पदले द्वन्द्वको भविष्यमाथि प्रश्न उठाएको छ। रिपब्लिकन नेता ट्रम्पले बारम्बार छिटो युद्ध अन्त्य गर्ने बताएका छन्। जेलेन्स्कीले भने, ‘रूसीहरू के चाहन्छन् भनेर हामीले बुझ्नुपर्छ।”

रूसतर्फ संकेत गर्दै उनले भने, ‘हामीले यस्तो राज्यसँग युद्ध गरिरहेका छौं कि जसले आफ्ना जनताको कदर गर्दैन, जहाँ धेरै उपकरणहरू छन्, जसले कति मानिसहरू मर्छन् भन्ने कुराको वास्ता गर्दैन।’

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले मस्कोले कब्जा गरेको युक्रेनी भूमि किएभले दाबी नगरी आत्मसमर्पण गरेमा मात्र युक्रेनसँग वार्ता स्वीकार गर्ने बताएका छन्।

क्रेमलिनले शुक्रबार जर्मन चान्सलर ओलाफ स्कोल्जसँग फोनमा भएको कुराकानीमा उक्त माग दोहोर्‍याएको जनाएको छ। जेलेन्स्कीले पुटिनको सर्त अस्वीकार गरेका छन्।

मस्को यस वर्षको गृष्मयामदेखि पूर्वी युक्रेनमा निरन्तर अघि बढ्दै पोक्रोभ्स्क र कुराखोभ जस्ता प्रमुख क्षेत्रहरूको नजिक पुगेको छ। जेलेन्स्कीले शनिबार रूसी सेनाले ठूलो क्षति बेहोर्नुपरेको र केही क्षेत्रमा सैन्य कारबाही ‘सुस्त’ भएको बताएका थिए।

# अवसर पाए छोरीहरूले जस्तोसुकै चुनौती सहजै स्वीकार गर्छन्



पुजा महतो
क्याप्टेन,
यू-१९ महिला क्रिकेट टिम

नेपाली महिला यू-१९ क्रिकेट टिमले विश्वकपको यात्रा तय गरेको छ। यसको मूल श्रेय जान्छ- कप्तान पूजा महतोलाई। किनभने, उनले विश्वकप छनोट चरणका खेलमा महत्वपूर्ण योगदान गरिन्, टिमलाई ऐतिहासिक यात्रामा अघि बढाइन्। गृहनगर महोत्तरीको गौशाला-९ डुवरबन्नामा रहेकी पूजासँग अन्नपूर्णकर्मी **धनवीर महतो**ले गरेको कुराकानी :

**तपाईंकै कप्तानीमा यू-१९ महिला टिम पहिलोपटक विश्वकपमा पुग्यो। कस्तो महसुस गर्दै हुनुहुन्छ ?**

धेरै नै खुसी छु। यो जित देशवासीको हो। पूरा मुलुक नै हर्षित छ। देशवासी सबैको माया, स्नेह अनि सहयोगले सफलता पाएका हौं।

**नेपाली महिला क्रिकेट टिममा तपाईं आबद्ध भएको १ वर्ष मात्रै भयो। यसबीचमा महिला क्रिकेटलाई उचाइमा पुर्‍याउन तपाईंको भूमिकाको कसरी मूल्यांकन गर्नुभएको छ ?**

मैले निकै कडा परिश्रम गरेकी छु। जसले गर्दा छोटै समयमा देशलाई विश्वसमक्ष चिनाउन सक्यौं। यो सफलतामा मेरो परिवारलगायत देशवासीको महत्वपूर्ण योगदान छ। यसमा सबैको उत्तिकै सकारात्मक भूमिका पनि छ।

**जितका लागि टिम व्यवस्थापन कसरी गर्नुभएको थियो ?**

नेपाललाई जसरी पनि विश्वकपको यात्रामा पुर्‍याउनुपर्छ भन्ने मुख्य उद्देश्य लिएर हामी तयारीमा जुट्यौं। समग्र टिमको सकारात्मक भूमिका रह्यो। मैले कप्तानीको जिम्मा पाएपछि यसपटक चाहिँ विश्वकपमा खेल्नुपर्छ र जित्नुपर्छ भनेर कडा मेहनत गरे। पटक-पटक टिमका साथी र सहयोगीसँग विचार विमर्श गरे। सबैबाट सकारात्मक सहयोग पाइयो। टिमका प्रत्येक सदस्यले कडा मेहनत गर्‍यौं। फलस्वरूप हामी यो सिरिज जित्न सफल भयौं।

**तपाईं आउनुभन्दा पहिले र अहिलेको क्रिकेट टिममा के कति फरकपना पाउनुभयो ?**

पहिले त न व्यवस्थित खेल मैदान थिए। न खेलाडीलाई कुनै सुविधा थियो। खेलाडी आफैंले सबै व्यवस्था गर्नुपर्थ्यो। ती पललाई दुखद संयोगका रूपमा लिन चाहन्छु। तत्कालीन समयमा सरोकारवाला निकायको जे जति भूमिका वा चासो हुनुपर्ने थियो, त्यस्तो पनि थिएन्। त्यसबेला खेलाडीहरू अलपत्र जस्तै हुन्थे। उनीहरूको मनोवल खस्केको हुन्थ्यो। खेलाडीहरूमा प्रतिभा देखाउनका लागि जोश र जाँगर हुँदैनथ्यो। अहिले क्रमिक रूपमा सुधार छ। केन्द्र सरकार र प्रदेश सरकारहरूले खेल र खेलाडी लक्षित प्याकेजहरू रेडबुकमा राखेको पाइन्छ। खुसी लागेको छ। जुन नेपालको खेलकुदको लागि सुखद पक्ष हो।

**सरकारीस्तरबाट क्रिकेट टिम व्यवस्थापनमा अहिलेसम्म कस्तो भूमिका रहेको पाइयो ?**

नेपाली खेलकुदको विकासका लागि सरकारीस्तरबाट क्रमिक रूपमा सुधार भइरहेको छ। सुरुवाती चरण हेर्दा पक्कै पनि सुधारमय छ। यसमा हरेकपक्षको भूमिका छ। खेलाडीलाई मनोवल बढाउन तीनै तहको सरकारको भूमिका हुनुपर्छ। आवश्यक सहयोग नहुँदा सिनियर टिम विश्वकपको यात्रामा पुग्न सकेन। पछिल्लो समयमा आएर खेल र खेलाडीका लागि सेवा सुविधा पाएपछि हामी जुनियर टिमले विश्वकपको यात्रामा डोर्‍याउन सफल भएका छौं। आशा गरौं आगामी दिनमा अझै राम्रो हुन्छ।

**महिला क्रिकेट टिममा पनि व्यवस्थापन पक्षमा सुधारको आवश्यक्ता छ कि ?**

क्रिकेटको विकासका लागि सबै खेलाडीको मनोवल बलियो हुनुपर्छ। सबै खेलका खेलाडीका लागि आवश्यक सुविधाहरूको प्रबन्ध हुनुपर्ने हो। सरकारीस्तरबाट नेपालका हरेक खेललाई अग्रणी यात्रामा लानुपर्ने जरुरी छ। विश्व परिवेश अनुसारको सेवा सुविधाहरू नेपालमा पनि उपलब्ध गराउनुपर्छ। अन्तर्राष्ट्रियस्तरमा चिनाउनका लागि खेलाडीले झै सरकारले पनि सशक्त भूमिका निर्वाह गर्नुपर्ने जरुरी देखिन्छ। नेपाली टिम अवसर पाए आफ्नो प्रतिभा देखाउन सक्षम छन्। हामी पक्कै पनि सक्षम छौं। तर, त्यसअनुसारका सुविधाहरू सरकारले उपलब्ध गराउनुपर्छ।

**सरकारले प्रोत्साहन रकम उपलब्ध गराएको छ। यसप्रति तपाईंको धारणा ?**

हाम्रो उपलब्धि र सफलतालाई नेपाल सरकारले उच्च सम्मान गरेको छ। यसबाट खेलाडीहरूको मनोवल बढाएको छ। जितको खुसी साट्दै सरकारले प्रतिखेलाडी २ लाख ५० हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराएको छ। मधेस प्रदेश सरकारले पनि हामी ३ जना यस प्रदेशवासी खेलाडीलाई प्रोत्साहन रकम दिई सम्मान गर्ने भएको छ। प्रदेशका खेलकुदमन्त्री प्रमोद जयसवालले प्रतिखेलाडीलाई १ लाख ५० हजार रुपैयाँका दरले प्रोत्साहन रकम उपलब्ध गराउने भन्नुभएको छ। हामी पनि हौसिएका छौं।

**महिला क्रिकेट टिमलाई अगाडि बढाउनका लागि क्यानको भूमिका कस्तो हुनुपर्छ ?**

क्यानलाई सरकारले सबै सुविधाहरू उपलब्ध गराउनुपर्‍यो। महोत्तरीलगायत जिल्लास्तरमा हेर्ने हो भने क्रिकेटका लागि ग्राउन्डहरू छैनन्। खेलाडीले खासै सुविधा पाएका छैनन्। सरकारबाट यसतर्फ ध्यान दिनु आवश्यक छ। हामी महिला खेलाडीहरू कसैभन्दा कमजोर छैनौं। जसको परिमाण हामीले भर्खरै विश्वलाई प्रतिस्पर्धामा चुनौतीसँग सामना गर्दै लक्ष्य पूरा गरिसकेका छौं।

**खेलकुदमा महिलालाई प्रोत्साहन गर्न के-के गर्नुपर्छ ?**

महिलाको प्रोत्साहनको आवश्यक्ता छ। जहाँका छोरी चेली भए पनि उनीहरू अवसर पाएपछि चुनौतीलाई सहज रूपमा स्वीकार गर्न तयार हुन्छन्। उनीहरूले सफलता हासिल गरेका अनेकौं उदारहरण छन्।

» बाँकी पृष्ठ ६